REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 30.03.2026

लोकसभा सांसद इन्द्र हाङ सुब्बा

१) सिक्किमका लोकसभा सांसद इन्द्र हाङ सुब्बाले, सिक्किमका लागि छुट्टै बार काउन्सिल गठन गर्न माग गर्दै केन्द्रीय कानून तथा न्याय राज्यमन्त्री अर्जुन राम मेघवाललाई एक ज्ञापन पत्र बुझाउनुभएको छ, । हाल सिक्किमका कानुनी व्यवसायीहरू असम, नागाल्याण्ड, मिजोरम, अरुणाचल प्रदेश र सिक्किमको संयुक्त बार काउन्सिल अन्तर्गत छन्, जो गुवाहाटी उच्च अदालतसँग आवद्ध छ । राज्यको छुट्टै बार काउन्सिल नहुना को कारण स्थानीय कानुनी आवश्यकताको सम्बोधन, प्रतिनिधित्व, र पहुँचमा कठिनाइ भैरहेको श्री सुब्बाले बताउनुभएको छ । उहाँको भनाइमा, छुट्टै बार काउन्सिल स्थापित भए यस सम्बन्धमा शासन सुधार लगायत संस्थागत दक्षता बलियो हुने र सिक्किममा कानुनी पेशाको विकासमा सहयोग पुग्नेछ ।

2) लोक भवन

लोक भवन सिक्किममा आज राजस्थान राज्यकोको स्थापना दिवस एक विशेष कार्यक्रमका साथ पालना गरियो । कार्यक्रममा सिक्किमका राज्यपाल **ओम प्रकाश माथुर** र मुख्यमन्त्री **प्रेम सिंह तमाङ** उपस्थित हुनुहुन्थ्यो ।

यस अवसरमा राजस्थानतर्फबाट राज्यका वन, वातावरण तथा जलवायु परिवर्तनका राज्यमन्त्री **सञ्जय शर्माले** प्रतिनिधित्व गर्नुभएको थियो ।

कार्यक्रममा राजस्थान मूलका वरिष्ठ अधिकारीहरू र मारवाडी समुदायका सम्मानित सदस्यहरूको पनि उपस्थिति रहेको थियो

## 3) Pride of Hill

केन्द्र सरकारले नयाँ "प्राइड अफ हिल्स" नामक पहल अन्तर्गत सिक्किमलाई आर्थिक वर्ष २०२६–२७ का लागि **८२० करोड रुपैयाँ** आवंटन गरेको छ। यो रकमले पहाडी राज्यहरूले सामना गरिरहेका कतिपय भौगोलिक चुनौतिहरु, सीमित यातायात र राजस्व स्रोत जस्ता कठिनाइहरुलाई सम्बोधन गर्न सहयोग पुर्याउने उद्देश्य राखिएको छ।

केंद्र सरकारको यस सहयोगले, **सिक्किममा** पूर्वाधार विकास, सडक सञ्जालको विस्तार, ग्रामीण पूर्वाधार, लगायत स्थायी विकास परियोजनाहरूमा मा ठूलो योगदान पुग्ने अपेक्षा गरिएको छ , साथै राज्यलाई वित्तीय स्थिरता कायम गर्न र विकासका प्रतिबद्धताहरू पूरा गर्न सहयोग हुनेछ ।

## 4. GMC Election

सिक्किम आम नगरपालिका निर्वाचन २०२६ का लागि नामांकन प्रक्रियाको आज अन्तिम दिन थियो,यस सम्बन्धमा प्राप्त जानकारी अनुसार आज गान्तोक **नगरपालिका निगम** का निम्ति चार र **सिंगताम नगर पंचायत** का निमित्त एक गरि जम्मा पाँच जना उम्मेदवारले आफ्नो नामांकन दर्ता गरेका छन्।

**पाक्योङमा** स्वतन्त्र उम्मेदवार विनय थापाले अपर बजार वार्डका लागि नामांकन दर्ता गर्नुभयो ।

**यसरीनै रम्फू नगर** पंचायतका अन्तर्गत भारतीय जनता पार्टी (BJP) बाट भुपाल बरैलीले मण्डी बजार वार्डका लागि नामांकन दर्ता गर्नुभयो ।

**गेजिङ जिल्लामा** आज तीन जना स्वतन्त्र उम्मेदवारहरूले आफ्नो नामांकन पत्र बुझाए ।

नामांकन सम्बन्धमा अन्तिम रिपोर्ट प्राप्तहुन बाँकी छ

नामांकन पत्रको जांच १ अप्रिल मा हुनेछ, भने प्रत्याशीहरुले 4 अप्रिल सम्ममा नामांकन वापस गर्न सक्नेछन।

एलपीजी

5) सिक्किम सरकारले खान पकाउने ग्यास सम्बन्धका समस्या समाधानका निमित्त गान्तोकमा केन्द्रीय नियंत्रण कक्ष र सबै ६ जिल्लामा, जिल्ला नियंत्रण कक्ष स्थापना गरेको छ। यसको उद्देश्य एलपीजी वितरणलाई नियमित गर्नु , कालोबजारी रोक्नु र जनगुनासो चांडो सम्बोधन गर्नु हो।

खाद्य तथा नागरिक आपूर्ति विभागका अनुसार यी नियंत्रण कक्षहरू चौबीसै घण्टा सञ्चालनमा रहनेछन । नयाँ नियम अनुसार,

- शहरी क्षेत्रमा घरेलु एलपीजी २५ दिनमा एक पटक अनि
- ग्रामीण क्षेत्रमा ४५ दिनमा एक पटक उपलब्ध हुनेछ।

SPORTS

6) गत मार्च २८–२९मा, नर बहादुर भण्डारी डिग्री कलेज ताडुंगमा आयोजित पहिलो विद्यालय, कलेज तथा विश्वविद्यालय स्तरको **स्क्वाट, बेंच प्रेस एंड डेडलिफ्ट च्याम्पियनसिप** सफलतापूर्वक सम्पन्न भयो।

यो प्रतियोगिता **सिक्किम राज्य पावरलिफ्टिङ संघले** आयोजना गरेको हो, जसमा विभिन्न शैक्षिक संस्थाका विद्यार्थीहरूले उत्साहपूर्वक सहभागिता जनाए।

- पुरुष वर्गमा **बिजय राईले** उत्कृष्ट प्रदर्शन गर्दै *Champion of Champions* उपाधि जिते। र
- महिला वर्गमा **ऋतिका दत्ताले** प्रभावशाली प्रदर्शन गर्दै *Champion of Champions* उपाधि हासिल गरिन्।